नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-१२० दायर मितिः-२०८१/०६/०९**

**फैसला मितिः-२०८१/०६/२०**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **हनिफ मियाँ तेली को जाहेरीले** | **जिल्ला बारा जितपुरसिमरा उपमहानगरपालिका वडा नं.८ बस्ने** |
| **नेपाल सरकार.........................१** | **असर्फि साहको छोरा वर्ष २५को जितेन्द्र साह.........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

<u>तथ्य-खण्ड</u>

१. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका चन्द्र जैसवार समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

<u>ठहर-खण्ड</u>

यसमा मिति २०८१।०५।१८ गते अं.१२ः३० बजेको समयमा जिल्ला पर्सा बीरगंज म.न.पा .वडा नं.८ स्थित आफ्नो कपडा पसलमा बसी रहेको अवस्था मा प्रतिवादी जितेन्द्र साह मेरो पसलमा आई ग्राहकहरुलाई अनावश्यकरुपमा अपशव्द प्रयोग गरी गाली गलौज गरेकोले निजलाई सम्झाउँदा निजले उल्टै मलाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी जितेन्द्र साहलाई कैद १ महिना २ दिन ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

<u>तपसिल खण्ड</u>

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी जितेन्द्र साहलाई ठहरेको कैद दिन १ महिना २ दिन निज मिति २०८१/०५/१८ देखि २०८१/०६/१९ सम्म हिरासत र थुनामा बसी कैद भुक्तान गरिसकेको हुँदा थुना मुक्त गर्न कारागार कार्यालय पर्सालाई पत्र लेखु
२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------------------१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

दिनेश सागर भुसाल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ असोज महिना २० गते आईतवार रोज १/ ने.सं. ११४४ कौलाथ्व तृतिया, शुभम् ........

..